

# अध्याय -५

# सबै बाधा, मतभेद, असुविधा र अनौठा तत्वहरूसँग मुकाबिला गर्दै आफ्नो आस्था र निष्ठालाई कायम गरिराख्नु

<u>यस अध्यायका मूल पदहरू:</u> भजन ११९:१६२; यूहन्ना १६:१३-१५; २ पत्रुस १:२०, २१; एफिसी २:८,९; रोमी ३:२३,२४ र रोमी ६:१५-१८।

***<u>यस अध्यायको मुल सार पद:</u>*** **"तपाईंको वचन मेरो हृदयमा लुकाइ राखेको छु ताकि तपाईंको विरुद्धमा म पाप नगरूँ।" भजन ११९:११।**

मध्यकालिन युगका सुधारवादी इसाईहरूमा के थियो सो वर्तमान युगका मानिसहरूलाई पनि हुन नितान्त आवश्यक छ, त्यो हो तिनीहरूको जीवनमा जिउनुको लक्ष्य। अमेरिकाको प्रख्यात मनोवैज्ञानिक फिलिप कुशमानले आफ्नो पुस्तक *द एम्प्टी सेल्फ The empty self मा* लक्ष्य वा उद्देश्यविहिन बाँचिरहेका मानिसहरूको बारेमा चर्चा गर्दछन्। परमेश्वरमाथि तिनीहरूको विश्वास वा आस्था खोक्रो, छाला-गहिरो वा झारा तार्ने हिसाबको मात्र छ। वास्तविक उपयोगी जीवन तिनीहरूको निम्ति महत्त्व छैन। तिनीहरूको जीवन केको लागि मर्ने, किन त्याग गर्ने किन मरीमरी खट्ने भन्ने धारणामा स्थापित भएको हुन्छ। त्यसकारण, तिनीहरूको निम्ति बाँच्नुको लायक वा मूल्य हुँदैन न त अर्थपूर्ण नै हुन्छ।

तर मध्यकालिन युगका सुधारवादी पुरुष, महिला र युवायुवती येशूभक्तहरूका जीवन नाटकिय रूपमा फरक थियो। तिनीहरू बाँचि रहन अटल आवश्यक भएको ठानेका थिए। तिनीहरूले के विश्वास गरे त्यो अत्यन्तै आवश्यक भएको महसुस गरेका थिए। तिनीहरूको इमान्दारीता, नैतिकता र लगनशीलतासँग कुनै तत्त्वलाई सम्झौता गर्दैनथे। तिनीहरूका मुख्य विश्वास, परमेश्वरमाथि आस्था वा आत्मिक विद्या तिनीहरूको निम्ति अलग नगरिने आफ्नो जीवनको भाग भनेर पक्रि राख्दथे। तिनीहरूमा भएका ती आस्था वा आत्मिक विद्याहरू त्याग्नु भनेकै तिनीहरूको पहिचान नै त्याग्नु थियो। तिनीहरूमा भएको आस्थाले गर्दा तिनीहरू मर्नुपर्दा वा मारिन्दा पनि तिनीहरूमा भित्री शान्ति थियो।

***यस अध्यायमा सुधारवादी युगका केही उदाहरणहरू हेर्नेछौं। जीवनलाई परिवर्तन गर्ने बाइबलका शिक्षादीक्षाले बाँच्नुको अर्थ, आधार र लक्ष्य कसरी उपलब्ध गराउँछ भनेर हामी छलफल गर्नेछौं। ती अनन्त सत्यहरूलाई जानेर असल र खराबको बिचमा भइरहेको महान् द्वन्द्वको पराकाष्टामा हामी तयार हुन हौंशला मिल्नेछ। मध्यकालिन युगमा सुधारवादी येशूभक्तहरूले सामना गरेका संग्रामको अन्त्य भएको छैन। तिनीहरूले केको लागि गरेका थिए सो पूरा नभएकोले त्यसलाई निरन्तरता दिन हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई आह्वान गरिएको छ। जीवन आउने सबै चुनौतिहरूको सामना गर्न महान् परमेश्वरले हामीलाई पनि साथ दिनुहुन्छ भनेर हामीले पत्ता लगाउनेछौं। संसारले दिने सांसारिक जीवन परमेश्वरले दिनुहुने अर्थ र लक्ष्यको सामु केही पनि होइन भनेर हामीले नियाल्नेछौं।***

## १. परमेश्वरको वचनमा मात्रै

**परमेश्वरको वचनमा दाउदको प्रभाव र मनस्थिति कस्तो थियो? सुधारवादी येशूभक्तहरूलाई बाइबलको प्रभाव कस्तो थियो? हाम्रै जीवनमा यसले कसरी असर पारिरहेको छ? हेर्नुहोस्, "१०१ तपाईंको वचन पालन गरूँ भनेर, मैले आफ्ना गोडालाई हरेक खराब मार्गबाट अलग्ग राखेको छु। १०२ तपाईंका नियमहरूबाट म तर्केको छैनँ, किनकि तपाईंले नै मलाई सिकाउनुभएको छ। १०३ तपाईंका वचनहरू मेरो जिब्रोमा अति स्वादिष्ठ छन्, महभन्दा पनि मेरो मुखमा ती बढ़ी मीठा छन्। १०४ तपाईंको आदेशहरूद्वारा म समझशक्ति प्राप्त गर्छु, यसकारण हरेक झूटा मार्गलाई म घृणा गर्दछु। १०५ तपाईंका वचन मेरा**

**गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो।" भजन ११९:१०१-१०५, " १४५ आफ्नो पूरा हृदयले म तपाईंलाई पुकार्दछु, हे परमप्रभु, मलाई जवाफ दिनुहोस्, र तपाईंका विधिहरू म पालन गर्नेछु। १४६ म तपाईंलाई पुकार्दछु, मलाई बचाउनुहोस्, अनि तपाईंका कानूनहरू म पालन गर्नेछु। १४७ म सूर्योदय हुन अघि उठेर मदतको लागि पुकार गर्छु, मैले तपाईंको वचनमाथि भरोसा राखेको छु। १४८ तपाईंका प्रतिज्ञाहरूमाथि मनन गरूँ भनेर, मेरा आँखा रातका पहरहरूमा खुला रहन्छन्।" भजन ११९:१४५-१४८ र "१६१ शासकहरूले अकारण मलाई सताउँछन्, तर मेरो हृदयले तपाईंका वचनको भय मान्दछ। १६२ जसरी लूटको ठूलो धन पाउने व्यक्ति रमाउँछ, म तपाईंको प्रतिज्ञामा हर्षित हुन्छु। १६३ झूटलाई म घृणा गर्छु, र तुच्छ ठान्छु, तर तपाईंको व्यवस्था म प्रेम गर्दछु। १६४ तपाईंका धार्मिक नियमहरूका निम्ति दिनमा सात चोटि म तपाईंको प्रशंसा गर्दछु। १६५ तपाईंको व्यवस्थासँग प्रेम गर्नेहरूलाई ठूलो शान्ति हुन्छ, र तिनीहरूले ठेस खाने कुनै कारण रहँदैन। १६६ हे परमप्रभु, तपाईंका उद्धारको म प्रतीक्षा गर्छु, र तपाईंका आज्ञाहरू पालन गर्दछु। १६७ तपाईंका कानूनहरू पालन गर्दछु, किनभने म तिनलाई अत्यन्तै प्रेम गर्दछु। १६८ म तपाईंका आदेशहरू र कानूनहरू पालन गर्दछु, किनकि मेरा सबै आचरण तपाईंकै सामु प्रष्ट छन्।" भजन ११९:१६१-१६८।**

सुधारवादी येशूभक्तहरूको आधारशीला बाइबल र यसको शिक्षा थियो। तिनीहरूले यो बुझेका थिए कि तिनीहरूले सदा जीवित रहने परमेश्वरबाट प्रेरित भएको वचनलाई तिनीहरूले चलाइरहेका थिए (१ पत्रुस १:२३)। बाइबलको प्रत्येक शब्द तिनीहरूले हृदयमा सजाइ राखेका थिए। बाइबलका प्रत्येक पाना तिनीहरूले पढ्थे र त्यसमा भएका प्रतिज्ञाहरूलाई तिनीहरूले विश्वास गर्दथे। तिनीहरूको आस्था बलियो भएका थिए र तिनीहरूको साहस नविकरण भएको थियो। "परमेश्वरको वचनमा भएका सबै प्रतिज्ञाहरूलाई हाम्रो लागि हो। ती प्रतिज्ञाहरूद्वारा परमेश्वरले हामीलाई व्यक्तिगत रूपमा बोलिरहनुहुन्छ। बाइबल पढ्दा उहाँको आवाज हामीसँग सिधै बोलिरहेको हामी आभास पाउँछौं। ती प्रतिज्ञाहरूद्वारा येशूले उहाँको शक्ति र अनुग्रहको बारेमा सुनाउनुहुन्छ। बाइबलका पानाहरू रूखका पातहरू जस्तै हुन् जसले राष्ट्रहरूलाई निको पार्दछ। प्रकाश २२:२। बाइबल पढेर त्यसका सन्देशहरूलाई ग्रहण गरेर पचाए तिनीहरूले चरित्रलाई बलियो बनाउँछ, जीवनलाई समाल्छ र अर्थमूलक जीवन जिउन प्रेरणा प्रदान गर्छ। हामीलाई

स्वस्थ बनाउने शक्ति बाइबलबाहेक अरू कुनै दर्शन वा विद्याले दिन सक्दैन। हाम्रो पूर्ण बहुआयामिक जीवनलाई महत्त्वपूर्ण उर्जा दिन्छ जसले साहस र विश्‍वासको सिँचाइ हाम्रो जीवनमा गर्दछ।"-एलेन जी. ह्वाइट *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. १२२।

हाम्रो दुःख, कष्ट, सन्ताप, निराश र अशान्तिमा आशा दिलाएर हाम्रो जीवनलाई चम्काइ दिन्छ। हाम्रो अन्धकारमय जीवनलाई यसले उज्यालो पार्दछ। हाम्रो अलमल परेको जीवनलाई यसले कहाँ जाने हो भनेर निर्देशित गर्दछ। जटिल र अलमलमा पर्दा यसले निश्चयता प्रदान गर्दछ। कमजोर भएको बेलामा यसले हामीलाई बल दिन्छ र हाम्रो अज्ञानतामा यसले बुद्धिज्ञान दिन्छ। जब परमेश्वरको वचनमा हामी ध्यान गर्छौं र त्यसमा भएका प्रतिज्ञाहरूमाथि भरोसा राख्छौं तब परमेश्वरको जीवन दिने शक्तिबाट उर्जा दिएर हाम्रा सम्पूर्ण शारीरिक, मानसिक, भावना र आत्मिक जीवन सुधार भएर जागृत हुन्छौं।

सुधारवादीहरूको दिमाग परमेश्वरको वचनले खचाखच भरिएको थियो। तिनीहरू परमेश्वरकै वचन अनुसार जिएका थिए। परमेश्वरकै वचनको निम्ति तिनीहरूमा धेरैले ज्यान फालेका थिए। तिनीहरू औपचारिक इसाई थिएनन्, तिनीहरूको आस्था झारा तार्ने जस्तो थिएन, जहिले मन लाग्यो त्यसबेला सङ्गतिमा जाने खालका थिएन, तिनीहरू आत्मसन्तुष्ट वा जेभएपनि ठिकै हो भन्ने खालका थिएनन् र विश्‍वासमा लापरवाही गर्दैनथे। तिनीहरूको भक्ति जीवन देखावटी वा औपचारिक थिएन। परमेश्वर र उहाँको वचनको शक्तिबिना दुष्टहरूका शक्तिसँग तिनीहरू मुकाबिला गर्न सक्दैन भनेर तिनीहरूलाई थाहा थियो। साधारण मानिसहरूले बाइबल पढून् र बुझून् भनेर अङ्ग्रेजीमा बाइबल अनुवाद गर्न जोन वाइक्लिफमा जोश, जाँगर थियो। त्यससमय सर्वसाधारण मानिसहरूले बाइबल पढ्न अवैध थियो। त्यो गैर कानुनी थियो। त्यसले गर्दा उनी धर्मभ्रष्ट भए भनेर उनका आस्थाको निम्ति दोषी ठहऱ्याइयो र उनलाई कठित इसाई भनाउँदा रोमन क्याथोलिक चर्चले मृत्युदण्ड दियो। उनलाई अदालतमा उभ्याउँदा उनले हृदयदेखि नै यो निवेदन सुनाएका थिए, "मर्नै लागेको बुढो मानिससँग तपाईंहरू किन लडिरहनुहुन्छ? अहँ, मसँग होइन तर सत्यसँग हो। यो सत्य तपाईंहरूभन्दा धेरै बलियो छ। यही सत्यले तपाईंलाई जित्नेछ।"-वाइक्लिफ, बुक २ अध्याय १३, *द ग्रेट कन्त्रोभर्सी* पृ ९९ मा उद्धृत। उनले मर्ने बेलामा बोलेका वचनहरू मध्यकालिन अन्धकार युग

समाप्त भएपछि पूरा भएका थिए। परमेश्वरको वचनले त्यस अन्धकार युगमा ज्योति जस्तै चम्केको थियो।

*तपाईंको आफ्नै अशान्ति, दुःखकष्टमा परमेश्वरको वचनले सान्त्वना र शान्ति दिएको के कहिल्यै अनुभव गर्नुभएको छ?*

## २. परमेश्वरको वचन फैलिँदै जान्छ

परमेश्वरको वचनको सत्यलाई फैलाउन पावलले धेरै दुःख, कष्ट र वाधाहरूको सामना गर्नुपरेको थियो। तैपनि उनमा परमेश्वरको वचनमा विश्वास, भरोसा थियो जसले गर्दा वचन फैलाउन उनले कसरी आँट गर्न सकेका थिए। हेर्नुहोस्, "१ यसकारण परमेश्वरको कृपाद्वारा हामीसँग यो सेवा भएकोले हामी हरेस खाँदैनौं। २ हामीले शर्मका र लुकीछिपी गर्ने कामहरू त्यागेका छौं। हामी धूर्त काम गर्न वा परमेश्वरको वचनलाई हेरफेर गर्न इन्कार गर्छौं। तर सत्यको वचन खुलस्त गरी घोषणा गर्दै परमेश्वरको दृष्टिमा हामी हरेक मानिसको विवेकमा आफैलाई ग्रहणयोग्य तुल्याउँछौं। ३ हाम्रो सुसमाचार घुम्टोले ढाकिएको भए तापनि यो नष्ट हुनेहरूका निम्ति मात्र घुम्टोले ढाकिएको छ। ४ तिनीहरूका विषयमा भनौं भने ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून् भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ। ५ हामी आफ्नै प्रचार गर्दैनौं, तर येशूको खातिर हामी तिमीहरूका दास भएर, येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी प्रचार गर्दछौं। ६ जुन परमेश्वरले "अँध्यारोबाट ज्योति चम्कोस्" भन्नुभयो, उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्वरका महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्। ७ सर्वश्रेष्ठ शक्ति हाम्रो होइन तर परमेश्वरको हो भनी प्रष्ट पार्न यो धन हामीसित माटोका भाँड़ाहरूमा छ। ८ हामी सबैतिरबाट कष्टित छौं, तर किचिएका छैनौं। अन्योलमा परेका छौं, तर हताश भएका छैनौं। ९ सताइएका छौं, तापनि त्यागिएका छैनौं। प्रहार गरेर ढलेका छौं, तापनि नष्ट पारिएका छैनौं। १० येशूको जीवन हाम्रा शरीरमा प्रकट होस् भनेर हामी उहाँको मृत्यु सधैं हाम्रा शरीरमा बोकिहिँड्छौं। ११ किनकि हामी जीवित छँदा पनि येशूको खातिर सधैं मृत्युको मुखैमा परिबस्छौं, यस हेतुले कि येशूको जीवन हाम्रा मरणशील शरीरमा प्रकटित होस्। १२ यसरी मृत्युले हामीमा काम गर्दछ, तर जीवनले तिमीहरूमा। १३ "मैले विश्वास गरें, यसकारण म बोलें" भन्नेकै आत्मा हामीमा भएको हुनाले हामी पनि विश्वास गर्छौं, र हामी बोल्छौं।" २ कोरन्थी

४:१-१३ र " १४ **परमेश्वरलाई धन्यवाद होस्, उहाँले हामीलाई ख्रीष्टमा सधैं विजयको निम्ति डोऱ्याउनुहुन्छ, र उहाँको ज्ञानको सुबास्ना हामीद्वारा हरेक स्थानमा फैलाउनुहुन्छ। १५ किनकि उद्धार पाइरहेकाहरू र नष्ट भइराखेकाहरूका माझमा पनि हामी परमेश्वरको निम्ति ख्रीष्टको सुबास्ना हौं, १६ एउटाको निम्ति मृत्युको दुर्गन्ध र अर्काको निम्ति जीवनको सुगन्ध। यी कुराका निम्ति को योग्य छ र? १७ किनकि धेरै मानिसहरूसरह हामी परमेश्वरको वचन व्यापार गर्ने होइनौं, तर परमेश्वरले पठाउनुभएको निष्कपट मानिसको रूपमा हामी परमेश्‍वरको सामुन्ने ख्रीष्टमा बोल्दछौं।**" २ कोरन्थी २:१४-१७।

सुसमाचार सुनाउने क्रममा पावलले अत्यन्तै भारी दु:ख र कष्ट सहनुपरेको थियो। तैपनि उनमा यो विश्वास थियो कि परमेश्वरको वचन विजयी हुनेछ। उनले यो बताए, "हामीले सत्यको विरुद्धमा केही गर्न सक्दैनौं तर सत्यको पक्षमा मात्रै" (२ कोरन्थी १३:८)।

सुधारवादी येशूभक्तहरूले पनि त्यही कष्टहरू भोगेका थिए, तर विश्वासद्वारा तिनीहरू परमेश्वरको वचनप्रति बफादार भएका थिए। परमेश्वरको वचनको निम्ति अनेकौं दु:खकष्ट सहनु परेको कथा विलियम टिन्डेलको (१४९०-१५८६) छ। बिलायतमा बाइबल ठिकसँग अनुवाद गरेर मानिसहरूको समक्ष ल्याउने उनको प्रचण्ड चाहना थियो। १४० वर्ष अघि वाइक्लिफले गरेका बाइबलको अनुवादमा केही त्रुटीहरू थिए। त्यसलाई सच्याउन उनले बाइबलको सुरुको भाषाबाट बाइबल अनुवाद गरेका थिए। रोमन क्याथोलिक चर्चले त्यो गर्न मनाही गरेको थियो। आखिरमा टिण्डेललाई पनि पक्राउमा परे। उनको विरोधमा धर्मविरोधी भनेर मुद्दा चलायो। जर्मनको वर्म भन्ने सहरमा छापेका धेरै बाइबलहरूलाई ती क्याथोलिक धर्मगुरुहरूले जफ्त गरे र सार्वजनिक रूपमै जलाइ दिए। सन् १५५६मा उनको विरुद्ध बेल्जियममा मुद्दा चलाइयो। बाइबल छापेको र वितरण गरेकोमा उनी धर्मभ्रष्ट भएको भनेर क्याथोलिक चर्चका धर्मगुरुहरूले दोषी ठहऱ्याए। उनलाई जिउँदै जलाउने दण्डको फैसला सुनाइयो। उनलाई मार्नेहरूले उनलाई खम्बामा डोरीले बेसरी कस्सेर बाँधे र उनलाई जलाइ दिए। प्राण त्याग्ने बेलामा उनले जोशले चिच्च्याएर भने, "हे प्रभु, बिलायतका राजाका आँखाहरू खोलिदिनुहोस्।" परमेश्वरले अचम्म तरिकाले टिण्डेलको प्रार्थना सुन्नुभयो।

उनलाई मारिएको चार वर्षभित्रै बाइबलका चार अनुवादहरू छापिए। १६११मा राजा जेम्सको निर्देशनमा बाइबल छापियो। यसलाई किंग्स जेम्स बाइबल भनिन्छ। यो प्रायजसो टिन्डेलले नै अनुवाद गरेको आधारमा थियो। ५४ जना विद्वानहरू मिलेर विलियम टिन्डेलकै बाइबल परिमार्जित गरेर अनुवाद गरे। किङ्ग जेम्स बाइबलमा भएको पुरानो करार टिन्डेलकै ७६ प्रतिशत थियो भने नयाँ करार ८३ प्रतिशत थियो भनेर बताइएको छ। सन २०११मा किङ्ग जेम्स बाइबलले ४०० वर्षको उत्सव मनाएर एक खरब बाइबल छापेको थियो। यस किङ्ग जेम्स भर्जन संसारका करोडौं मानिसहरूलाई प्रभावित पारेको छ। विलियम टिन्डेलको त्याग अभुतपूर्व सफल भएको पाइन्छ।

कति कठिन र चुनौतिपूर्ण परिस्थिति भएतापनि टिन्डेल र उनका बाइबलमा विश्वास गर्ने सहयात्रीहरूले परमेश्वरमाथि विश्वास गरेका थिए र जे हुनु थियो त्यसमा परमेश्वरकै इच्छा अनुसार भइरहेका थिए भनेर तिनीहरू विश्वस्त भएका थिए। अनन्त समयसम्म टिन्डेलको जीवनले विश्वका मानिसहरूलाई फरक पारेका छन्।

***दानिएल १२:३ र प्रकाश १४:१३ पढ्नुहोस्। टिन्डेलको जीवनमा ती पदहरूले कसरी प्रभाव पार्न सकेको थियो? तपाईंले आफ्नै र अरूको जीवनमा ती पदहरूले कसरी प्रभाव पारेको छ, सोच्नुहोस्। अरूलाई पनि अनन्त जीवनको निम्ति प्रभाव पार्ने अवसरमा ती पदहरूले तपाईंलाई कस्तो उत्साह दिन्छन्? हेर्नुहोस्, "बुद्धिमान्‌हरू आकाशको चमकजस्तै र धेरैलाई धार्मिकतामा डोऱ्याउनेहरूचाहिँ ताराहरूजस्तै सदासर्वदै चम्किरहनेछन्।" दानिएल १२:३ र "अनि स्वर्गबाट आएको यस्तो आवाज मैले सुनें, "यो लेखः अब उप्रान्त प्रभुमा मर्नेहरू धन्यका हुन्।" आत्मा भन्नुहुन्छ, "हो, तिनीहरूले आफ्नो-आफ्नो परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरूका काम तिनीहरूका पछि लाग्नेछन्।" प्रकाश १४:१३।***

## ३. पवित्र आत्माबाट प्रबुद्ध बनेका वा ज्ञान पाएका

एक दिन रोमन क्याथोलिक चर्चका जर्मन धर्मगुरु वा फादर मार्टिन लुथर (१४८३-१५४६) विश्वविद्यालयमाको पुस्तकालयमा अध्ययन गर्दै थिए तब त्यसबेला उनको जीवनमा भारि परिवर्तन भयो। उनले ल्याटिन भाषामा लेखिएको बाइबल भेट्टाए। यस खालको पुस्तक थियो भनेर उनलाई कहिल्यै पनि थाहा थिएन। एकदम आनन्द मानेर उनले त्यो बाइबल एक एक पद र

अध्याय पढ्न थाले। परमेश्वरको वचनको स्पष्टता र शक्तिबारे उनी अचम्भित भए। जब उनले पवित्र बाइबल लगनशील भएर अध्ययन गरे तब उनको दिमाग पवित्र आत्माले चम्काउन थाल्नुभयो। बाइबलको सत्यलाई परम्परावादी रोमन क्याथोलिक चर्चले छोपी राखेको थियो भनेर पवित्र आत्माले उनलाई ज्ञान दिएको उनले महसुस गरे। बाइबलको बिपरित रोमन क्याथोलिक चर्च चलिरहेको उनले निश्कर्ष निकाले। बाइबल सिधै पढ्दा आफूले प्राप्त भएको ज्ञानको पहिलो अनुभवलाई उनले यसरी बताउँछन्ः "ओहो, परमेश्वरले यस खालको पुस्तक मलाई दिनुभएको भए कस्तो हुन्थ्यो!"

**बाइबल कसरी व्याख्या गर्नुपर्छ भन्ने नीतिहरू देहायका पदहरूले हामीलाई कसरी बताउँछ?**

**यूहन्ना १४:२५,२६ "२५ "यी कुरा तिमीहरूसँग रहँदै मैले तिमीहरूलाई भनेको हुँ। २६ तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ।"**

**यूहन्ना १६:१२-१५ " १२ "मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। १३ जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। १४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। १५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।"**

**२ पत्रुस १:२०,२१ "२० सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। २१ किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।"**

त्यही पवित्र आत्मा जसले बाइबलका लेखकहरूलाई प्रेरणा दिएका थिए, जब हामी बाइबल पढ्छौं त्यही पवित्र आत्माले बाइबल बुझ्न अगुवाइ गर्नुहुन्छ। माथिका पदहरूमा दिएका वचनहरू एकदम शक्तिशाली भएको हामीले महसुस गर्नपर्छ। परमेश्वरको वचन व्याख्या गर्ने ईश्वरीय व्याख्याकार पवित्र आत्मा नै हुनुहुन्छ। दुर्भाग्यवस, कतिपय इसाई हौं भनेर दावी गर्नेहरूले

बाइबलको अलौकिक तत्त्वलाई पन्छाउँछन् र मानवीय ज्ञान, दर्शन र तत्त्वहरूलाई बढाइ चढाइ गरेर बाइबल बुझाउन खोज्छन्। अबको युगमा हाम्रो हातबाट बाइबल पन्छाउन नसक्ने भएकोले सैतानले अर्को चलाखी रणनीति खेल्दछः बाइबलको अलौकिक चरित्रलाई ढाक्दछ। यो केवल असल साहित्य हो भनेर मानिसहरूलाई बताउँछ। अझ त्यो भन्दा खराब त बाइबल नै प्रयोग गरेर धर्मको नाउँमा ठुलो जनसमुहलाई दवाएर नियन्त्रण गर्दछ।

मार्टिन लुथर समेत अरू सुधारवादी येशूभक्तहरूले पादरी, चर्चका उच्च पदाधिकारी, बिशप र पोपहरू पवित्र आत्मा होइन भनेर तिनीहरूमा ज्ञान भएको थियो। पोपसमेत चर्चका धर्मगुरुहरूले व्याख्या गरेका बाइबल गलत हुनसक्छ भनेर तिनीहरूले महसुस गरेका थिए। पवित्र आत्मा नै अचूक, सही परम व्याख्याकार हुनुहुन्छ भनेर तिनीहरूले मानेका थिए। स्कटलान्डका सुधारवादी येशूभक्त जोन नक्स र स्कटलान्डकी महारानी मेरीसँग भएको कुराकानीको लेखा घट्लाग्दो छ। "मेरीले भन्छिन्ः 'तिमीले बाइबललाई आफ्नै तरिकाले व्याख्या गर्छौं तर रोमन क्याथोलिक चर्चका धर्मगुरुहरूले अर्कै तरिकाले व्याख्या गर्छन्। म कसलाई विश्वास गरूँ, त्यसको फैसला कसले गर्छ होला?' सुधारवादीले बताए, "हजुरले परमेश्वरलाई विश्वास गर्नुहोस् जुन उहाँको वचनमा आफ्नो बारेमा स्पष्ट बोल्नुहुन्छ। बाइबलभन्दा बाहिर गएर सिकाउने कसैलाई पनि विश्वास गर्नु आवश्यक छैन। परमेश्वरको वचन आफै सरल र स्पष्ट छ। यदि बाइबल पढ्दा केही बुझिएन भने आफूसँग कहिल्यै नबाझने पवित्र आत्माले अर्को ठाउँमा स्पष्ट तरिकाले व्याख्या गर्नुहुन्छ। त्यसकारण, त्यहाँ शङ्का गरेर बस्नु आवश्यक छैन। हठी भएर अज्ञानमा कोही पनि रहनु आवश्यक छैन।'"- देभिद लाङ्ग, *द कलेक्टेड वर्कस् अभ जोन नक्स,* ठेली २, पृ. २८१,२८४। *द ग्रेट कन्त्रोभर्सी* पृ. २५१मा उद्धृत।

## ४. केवल ख्रीष्टले मात्रै.....अनुग्रहले मात्रै

**मुक्तिको योजनाबारे देहायका पदहरूले हामीलाई के सिकाउँछ? हेर्नुहोस्, " ८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ।" एफिसी २:८-९; "२१ तर अब त व्यवस्थाविनै (वा विधिविधान पालन गरेर) परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा**

विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। २६ परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो।" रोमी ३:२१-२६; " २२ तर अब तिमीहरू पापबाट मुक्त भई परमेश्वरका सेवक भएका छौ, अनि तिमीहरूले पाउने प्रतिफलचाहिँ पवित्रकरण हो, र त्यसको अन्त्यचाहिँ, अनन्त जीवन। २३ किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।" रोमी ६:२२-२३ र " ६ किनकि हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो। ७ धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। ८ तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। ९ यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ़ी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं। १० किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढ़ी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं। ११ यति मात्र होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरमा हामी रमाउँदै पनि छौं, उहाँद्वारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ।" रोमी ५:६-११।

मुक्ति वा परमेश्वरको राज्यको नागरिक हुन हाम्रो धर्मकर्म, पुण्य काम, अथक प्रयास र पैसा खर्च गरेर पाउने होइन। यो त परमेश्वरको उपहार हो। ख्रीष्टले कलभरीको क्रूसमा उहाँको मृत्युद्वारा सित्तैंमा उपलब्ध गराएको मुक्ति विश्वासद्वारा पाउन पवित्र आत्माले हामीलाई अगुवाइ गर्नु हुन्छ। परमेश्वरको पुत्र येशूले हाम्रा पापहरूको निम्ति प्रायश्चित गर्नुभएर आफ्नो शिद्ध जीवन अर्पण गर्नुभएको थियो।

दैविक न्यायले शिद्ध आज्ञाकारी हुन माग गर्दछ। हाम्रो अशिद्ध वा पापी जीवनको ठाउँमा येशूले आफ्नो शिद्ध जीवन साट्नुभएको छ। हामीले उल्लङ्घन गरेका परमेश्वरको व्यवस्थाले हामीलाई अनन्त मृत्युको निम्ति दोषी ठहऱ्याउँछ। यसमा बाइबल स्पष्ट छ। हाम्रै पाप गर्ने निर्णयहरूले हाम्रो जीवनमा परमेश्वरले चाहनुभएको आदर्श जीवनबाट हामी पतित भएकाछौं। हामीले पाप गरेकाछौं। पवित्र परमेश्वरको न्यायी, उचित र धार्मिक मागलाई पूरा गर्न हामी सक्दैनौं। त्यसको फलस्वरूप हामी सदाको निम्ति मर्न योग्य भएका छौं। तर सुसमाचार छ। येशूभक्त पावलले भन्दछन्, "पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।" रोमी ६:२३। यो उपहार हो। यदि यो हाम्रो धर्मकर्म वा पुण्य कामबाट पाउने भए हामीले आर्जन गर्न सक्छौं भनेर दावी गर्छौं। तर सुसमाचारमा केवल एउटै सत्य उज्ज्वल तरिकाले चम्किरहेको छ, हामीले हाम्रै अथक प्रयास वा कर्मले मुक्ति पाउँदैनौ।

ख्रीष्ट र ख्रीष्ट एक्लै मात्र मुक्तिको स्रोत हो भनेर मार्टिन लुथर र सुधारवादी येशूभक्तहरूले पत्ता लगाएको थिए। त्यस समयमा मार्टिन लुथरले अनुग्रहबाट मुक्ति पाइन्छ भन्ने सन्देश प्रचार गर्न थाले। उनको जीवनलाई नै परिवर्तन गर्ने सन्देश सुन्न मानिसहरू हुलका हुल आएका थिए। मरुभूमि जस्तो जीवनमा उनको सन्देश ठण्डा पानी जस्तो भएको थियो। मध्यकालिन युगको चर्च परम्परावादीहरूले परम्पराको नाँउमा सिक्रीले बाँधेको जस्तै मानिसहरूलाई बाँधी राखेका थिए। आत्मियता नदिने अनेकौं चालचलन, विधि र परम्पराहरूले मानिसहरूलाई शताव्दीयौंसम्म रोमन क्याथोलिक चर्चले नजरवन्दमा राखेका थिए। लुथरको बाइबलीय सन्देशहरूले मानिसहरूका हृदय छोएको थियो र कतिपयको जीवन परिवर्तन भएको थियो। जब लुथरले नयाँ करार पढे उनको हृदय परमेश्वरको भलोप्रति भारी आभारित भएका थिए। मानव प्राणीलाई मुक्ति दिने परमेश्वरको चाहनाप्रति उनी चकित भएका थिए। त्यसबेलाका चर्चले मुक्ति भनेको मानिसको केही भाग काम हो र परमेश्वरको केही भाग काम हो भनेर सिकाएको थियो। सारा मानिसलाई मुक्ति दिन क्रूसमा येशूको मृत्यु नै पर्याप्त थियो भनेर लुथरले पत्ता लगाएका थिए।

"जुन सजायँ हामी भोग्न योग्य थियौं त्यो सजायँ येशूले भोग्नुभएको थियो ताकि उहाँलाई गर्नुपर्ने व्यवहारको योग्य हामी हुन सकौं। हाम्रा पापहरूको निम्ति उहाँलाई दोषी ठहऱ्याइएको थियो। हाम्रो पापमा उहाँको कुनै

सहभागी थिएन, तर उहाँको धार्मिकताले हामी निर्दोष थहरियौं भन्ने हिसाबले उहाँ मर्नुभएको थियो। उहाँको धार्मिकतामा हामी सहभागी हुन योग्यका थिएनौं। हामी मर्नुपर्ने ठाउँमा उहाँले नै मृत्युको कष्ट भोग्नुभयो ताकि उहाँको अनन्त जीवन हामीले पाउन सकौं।"-एलेन जी. ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. २५। सुसमाचारको सार कस्तो शक्तिशाली, प्रभावकारी र अचम्म तरिकाले लेखिएको हो। हामीमा धार्मिकताको हिस्सा नभएतापनि ख्रीष्टको धार्मिकताले हामी निर्दोष हुन सक्छौं। यो कस्तो अचम्म लाग्दो प्रतिज्ञा हो?

***यदि मुक्ति भनेको ख्रीष्टमा परमेश्वरले गर्नुभएको कामको नतिजा हो भने येशूभक्तको जीवनमा असल कामको भूमिका के छ त? हाम्रा अनुभवहरूमा असल कामको महत्त्वप्रति कसरी प्रतिवद्ध हुने तर असल काम हाम्रो मुक्ति र आशाको आधारशीला होइन भनेर पनि स्वीकार गर्ने?***

## ५. आज्ञाकारीः परमेश्वरमाथि विश्वास र आस्थाको फल

**ख्रीष्टको धार्मिकताले मात्रै मुक्ति पाइन्छ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँदछ? हेर्नुहोस्, " २१ अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन् (व्यवस्थालाई पालन गर्नेले पनि), र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। २६ परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो। २७ तब हाम्रो घमण्ड कहाँ गयो? त्यसको त ठाउँ नै छैन। कुन सिद्धान्तमा यसो गर्ने त? यो कर्मको सिद्धान्तद्वारा हुने? कदाचित् होइन! यो त विश्वासको सिद्धान्तबाट मात्र हुन सक्छ। २८ यसकारण व्यवस्थाका कर्महरूको पालनविना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं। २९ के परमेश्वर केवल यहूदीहरूकै मात्र परमेश्वर हुनुहुन्छ र?**

के उहाँ अन्यजातिहरूका परमेश्वर हुनुहुन्न? उहाँ अन्यजातिहरूका पनि परमेश्वर हुनुहुन्छ। ३० किनकि परमेश्वर एउटै हुनुहुन्छ। उहाँले खतनावाललाई तिनीहरूका विश्वासको आधारमा र खतना नभएकालाई तिनीहरूको विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ। ३१ तब के हामी यही विश्वासद्वारा व्यवस्थालाई रद्द गर्ने? कदाचित् होइन! बरु हामीहरू त व्यवस्थालाई कायम पो राख्छौं।" रोमी ३:२१-३१; "११ यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ। १२ यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ। १३ आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर। १४ किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ। १५ अब के त? के हामी व्यवस्थाको अधीनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं भनेर पाप गर्ने त? कदापि होइन। १६ के तिमीहरू जान्दैनौ, आज्ञाकारी कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौं, जसको आज्ञा तिमी पालन गर्छौं, त्यसको कमारा पनि हुन्छौ? कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको? १७ तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरू, जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरू सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ। १८ तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताका कमारा बनेका छौ।" रोमी ६:११-१८ र" १ यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ। ३ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं। ५ किनभने पापमय स्वभावअनुसार चल्नेहरूले शरीरका कुरामा मन लगाउँछन्, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्। ६ किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र

**आत्मामा मन लगाउनु जीवन र शान्ति हो। ७ किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो। परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ। ८ पापमय स्वभावको वशमा हुनेहरूले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन्। ९ यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पापमय स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ। तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन। १० यदि ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरूका शरीर मरेका भए तापनि तिमीहरूका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन्। ११ तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ। १२ यसैले त भाइ हो, पापमय स्वभावअनुसार जिउनलाई हामी पापमय स्वभावप्रति बाध्य छैनौं।" रोमी ८:१-१२।**

लुथरको समयमा इसाई जगतमा नयाँ हावा बगिरहेको थियो। हजारौं हजारौं मानिसहरूलाई आफ्नो पापलाई चोखो पार्न आफूतिर वा आफ्नो रितिरिवाजबाट होइन येशूतिर हेर भनेर सिकाइरहेको थियो। आफूले आफूलाई मात्र हेर्ने र आफ्ना धार्मिक क्रियाकलापप्रति सन्तुष्ट नहुँदा तिनीहरू खुशी थिएनन्। के आज पनि इसाई वा अरू कुनै पनि धर्ममा त्यही वातावरण छैन र? त्यसैकारण, हामीले निरन्तर रूपमा येशूतिर हेर्ने बानी बसाल्नु जरुरी छ।

परमेश्वरको अनुग्रहले हामीलाई परिवर्तन गर्दछ। एक दिन बिलायतका प्रचारक जोन वेस्ली लन्डनमा मोराभीहरूको सङ्गतिमा सामेल भएका थिए। मोराभीहरू पनि पुराना सुधारवादीहरू हुन्। लुथरले लेखेका रोमीको पुस्तकको परिचय सुन्दा वेस्लीलाई अचम्म लागेको थियो। आफ्नो जीवनको पहिलो पल्ट उनले सुसमाचारको बारमा बुझ्न थाले। उनको निम्ति जीवन दिने येशूप्रति उनको आकर्षणले उनलाई हल्लाउन थालेको थियो। उनी ठुलो स्वरले भने, "मैले येशूमाथि विश्वास र भरोसा राखेको महसुस गरेको छु। उहाँ मात्रै हाम्रो मुक्ति हुनुहुन्छः उहाँले मलाई यो आश्वासन दिनुभएको छ किन उहाँले मेरा पापहरू हटाउनुभयो मैरै पापहरू, र मलाई मृत्यु र पापको व्यवस्थाबाट मलाई मुक्त पारेको छ।"- जोन ह्वाइटहेड, *द लाइफ अभ द रेभ जोन वेस्ली, एम.ए.* (लन्डन, कोचमान, १७९३) पृ. ३३१।

येशूभक्तको सदाचारी जीवनको बारेमा देहायका पदहरूले कस्तो महत्त्वपूर्ण सत्यलाई उघारेकोछ? हेर्नुहोस्, "१ येशू ख्रीष्टको दास र प्रेरित सिमोन पत्रुसबाट, र हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकतामा हाम्रो जस्तै अनमोल विश्वास प्राप्त गर्नेहरूलाईः २ परमेश्वरको र येशू हाम्रा प्रभुको ज्ञानमा अनुग्रह र शान्ति तिमीहरूमा प्रशस्त हुँदैजाओस्। ३ आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनुहुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ। ४ यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरू दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरू ईश्वरीय स्वभावका सहभागी होओ। ५ यसैकारण सबै किसिमका प्रयत्नद्वारा तिमीहरूको विश्वासमा सद्‌गुण र सद्‌गुणमा ज्ञान थप, ६ ज्ञानमा आत्मसंयम, आत्मसंयममा धैर्य, धैर्यमा भक्ति, ७ भक्तिमा भातृ-स्नेह, भातृ-स्नेहमा प्रेम थप। ८ किनकि यी कुराहरू तिमीहरूमा प्रशस्त छन् भने हाम्रा प्रभु येशू ख्रीष्टको ज्ञानमा यी कुराहरूले तिमीहरूलाई बेकम्मा र निष्फल हुनदेखि बचाउनेछन्। ९ किनकि यी कुराहरूमा अभाव भएको मानिसचाहिँ पुराना पापहरूबाट शुद्ध भएको कुरा बिर्सेर अन्धा र टाढ़ाका कुरा नदेख्नेजस्तो हुन्छ।" २ पत्रुस १:१-९; "१ यसकारण सबै दुष्टता, सबै छल-कपट र ईर्ष्या, र सबै निन्दाहरूलाई त्याग। २ नयाँ जन्मेका बालकहरूजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ। ३ किनकि प्रभु कृपालु हुनुहुन्छ भन्ने कुराको स्वाद तिमीहरूले पाएका छौ।" १ पत्रुस २:१-३; " १३ यदि तिमीहरू भलाइको निम्ति उत्साहित छौ भने, तिमीहरूको हानि गर्ने को हुन्छ र? १४ तर धार्मिकताको खातिर दुःख भोग्नैपरे तापनि तिमीहरू धन्यका हौ। तिनीहरूका धम्कीको डर नमान, र भयभीत नहोओ। १५ तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर। तिमीहरूमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर। १६ तिमीहरूका विवेक शुद्ध राख, ताकि तिमीहरूको विरोधमा बोल्ने र ख्रीष्टमा तिमीहरूका चालचलनको निन्दा गर्नेहरू लज्जित होऊन्। १७ यदि परमेश्वरको यस्तै इच्छा छ भने, खराबी गरेर दुःख भोग्नुभन्दा भलाइ गरेर दुःख भोग्नु नै असल हो। १८ किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो– धर्मी जन अधर्मीहरूका निम्ति– तर

आत्माद्वारा जीवित पारिनुभयो।" १ पत्रुस ३:१३-१८; "९ यसैकारण हामीले त्यो सुनेको दिनदेखि उहाँको इच्छाको ज्ञानले सारा आत्मिक बुद्धि र समझमा तिमीहरू पूर्ण होओ भनेर बिन्ती गर्दै तिमीहरूका निम्ति प्रार्थना गर्न छोड़ेका छैनौं, १० र उहाँलाई पूर्ण रूपले प्रसन्न पार्ने प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैजान सक। ११ उहाँको महिमित शक्तिअनुसार आनन्दसाथ सबै सहनशीलता र धैर्यको लागि तिमीहरू सारा शक्तिसित बलिया होओ। १२ ज्योतिमा सन्तहरूका उत्तराधिकारका सहभागी हुन हामीलाई सक्षम तुल्याउनुहुने पितालाई धन्यवाद चढ़ाओ। १३ उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ। १४ उहाँमा हाम्रो उद्धार, अर्थात् पापको क्षमा छ।" कलस्सी १:९-१४ र "१७ अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन् त्यसरी तिमीहरू अबदेखि उसो नजिओ। १८ तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन्, र तिनीहरूको समझ अन्धकारले भरिएको छ। १९ तिनीहरू कठोर भएका छन्, र हरकिसिमका अशुद्ध काम गर्ने लालचमा परेर तिनीहरू छाडा भएका छन्। २० तर ख्रीष्टलाई त तिमीहरूले यसरी जानेका छैनौ। २१ येशूमा भएको सत्यताअनुसार उहाँको विषयमा तिमीहरूले सुनेका र सिकाइएका छौ भनी म ठान्छु। २२ छली लालसाहरूद्वारा भ्रष्ट भएका तिमीहरूको अगाडिको जीवनको ढाँचासँग सम्बन्धित तिमीहरूको पुरानो स्वभाव त्याग। २३ र आफ्नो भित्री वर्तावमा नयाँ होओ, २४ र परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर। २५ यसकारण झूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एक-अर्काका अङ्गहरू हौं। २६ क्रोध गर, तर पाप नगर। घाम अस्ताउन अघि नै तिमीहरूको रीस मरोस्, २७ र दियाबलसलाई मौका नदेओ। २८ चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्। २९ तिमीहरूका मुखबाट कुवाक्य ननिस्कोस्, तर समय सुहाउँदो र सुधार गर्ने मीठो वचन मात्र बोल्ने गर, जसबाट सुन्नेहरूलाई अनुग्रह मिलोस्। ३० अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ। ३१ सबै तीतोपना, क्रोध र रिस,

**होहल्ला र निन्दा, सबै किसिमका डाहसमेत तिमीहरूले त्यागिदेओ। ३२ जसरी परमेश्‍वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ।" एफिसी ४:१७-३२।**

सत्यलाई अझ बढी पत्ता लगाउन सुधारवादी येशूभक्तहरूले बाइबल क्रमबद्ध र प्रणालीबद्ध अध्ययन गरेका थिए। परम्परा अनुसार औपचारिक तवरले तिनीहरूले बाइबल अध्ययन गरेनन्। तिनीहरू कट्टर भएर आत्मिक ज्ञानलाई बुच्चे पार्ने गरी अध्ययन गरेनन्। तिनीहरूले येशूलाई राम्रोसँग जान्न निरन्तर रूपमा चाहना गरेका थिए। मध्यकालिन युगमा बाइबललाई विश्‍वास गर्ने धेरै येशूभक्तहरूले आफ्नो समर्पणको निम्ति ठुलो मूल्य चुकाउनु परेको थियो। तिनीहरूलाई कठोर यातना दिएको थियो, काल कोठरीमा राखेका थिए, देशबाट निकाला गरेका थिए भने कतिको हत्या गरिएको थियो। तिनीहरूको चल अचल सम्पत्ति जफत गरिएको थियो। तिनीहरूका घरहरू जलाइएको थियो। तिनीहरूका खेतबारी ध्वस्त बनाइएको थियो र तिनीहरूको परिवारहरूलाई सताइएको थियो। जब तिनीहरूलाई आफ्नो घरबाट लखाटिए तब तिनीहरूले त्यो सहरलाई दृष्टिगत गरेका थिए जसको निर्माण र बनाउने परमेश्वर हुनुहुन्थ्यो (हिब्रू ११:१०)। जब तिनीहरूलाई घोर यातना दिए तब तिनीहरूलाई सास्ती दिनेलाई तिनीहरूले आशिष दिए। जब तिनीहरू अन्धकार चिसो काल कोठरीमा जाकिएका थिए तब तिनीहरूदले भोली हुने उज्यालो दिनको परमेश्वरका प्रतिज्ञाहरूलाई याद गरे। तिनीहरूको शरीरलाई कैद गरेतापनि तिनीहरू ख्रीष्टमा स्वतन्त्र थिए। तिनीहरू परमेश्वरको वचनमा स्वतन्त्र थिए। येशूको सिघ्र आगमनमा आशा राख्न तिनीहरू स्वतन्त्र थिए।

***जब तपाईंले आफूलाई हेर्नुहुन्छ, तब तपाईंमा मुक्तिको के आशा भएको पाउनुभएको छ?***

**उपसंहारः**

**थप जानकारीः** "परमेश्वरका बफादारी सेवकहरू एक्लै पसिना बगाइरहेका थिएनन्। अन्धकारका शक्ति र शासकहरू र उच्च स्थानमा आसिन भएका दुष्ट आत्माहरूले तिनीहरूको विरुद्धमा गठबन्धन गरेका थिए। प्रभुले उहाँका जनहरूलाई त्याग्नुभएन। यदि तिनीहरूका आँखाहरू खोलिएको भए तिनीहरूको साथमा परमेश्वरको उपस्थिति भएको तिनीहरूले देख्ने थिए।

पौराणिक भविष्यवक्तालाई सहयोग गरेको जस्तै परमेश्वरले पनि तिनीहरूलाई बल र सहयोग गरेको तिनीहरूले थाहा पाउने थिए। जब शत्रु सेनाले आफ्नो स्वामी एलिशाको घर घेरेको र त्यहाँबाट फुत्कने उपाय नदेख्दा आफ्नो स्वामीलाई सेनाहरूको घेराबन्धीलाई देखाएको थियो, तब अगमवक्ताले यो प्रार्थना गरेः 'प्रभु उसका आँखाहरू खोलिदिनुहोस् ताकि उसले देखून्।' २ राजा ६:१७। उसले आगोका बग्गी र घोडाहरूले पहाड भरिएको उसले देखेका थिए। परमेश्वरका जनलाई सुरक्षा दिन स्वर्गको सेना तैनाथ गरिएको थियो। यसरी नै सुधारवादी सेवकहरूलाई तिनीहरूको काममा सघाउन स्वर्गदूतहरूले सुरक्षा दिएको थियो।" *द ग्रेट कन्त्रोभर्सी,* २०८।

"सुधारिएको विश्वासलाई ध्वस्त पार्न शक्तिशाली शत्रुहरू एक भएका थिए। हजारौं तरवारहरू तिनीहरूको विरुद्धमा प्रयोग गर्न राजिभएको थियो। लुथरले लेख्दछन्ः 'सैतानले आफ्नो रिसको ज्वाला सल्काउँदैछ; परमेश्वर र सत्यलाई नमान्ने पोप र उनका पदाधिकारीहरू परमेश्वरका जनहरूको विरुद्ध षडयन्त्र रचिरेका छ। हामीमाथि युद्ध गर्न तिनीहरूले धम्कि दिइरहेका छन्। परमेश्वरको सिंहासनको अगाडि जोरकातोरले प्रार्थना गर्न निबेदन गरिएको थियो। परमेश्वरको आत्माले हाम्रा शत्रुहरूलाई बिलाइ दिऊन् भनेर विश्वास र प्रार्थनाद्वारा विश्वासीहरू परमेश्वरसँग प्रार्थना गरिरहेका थिए। हामी शान्तिसँग रहन चाहन्छौं। हाम्रो प्रार्थना नै हाम्रो मुख्य परिश्रम हो। हाम्रो स्वामी त्यही चाहनुहुन्छ। परमेश्वरका बफादारी विश्वासीहरूलाई यो थाहा पाऊन् कि तिनीहरू सैतानको क्रोधले गर्दा तिनीहरू तरवारको सामु खडा भएका छन्। तिनीहरूले प्रार्थना गरिरहून्।'" डोबिग्ने, बुक १०, अध्याय १४। *द ग्रेट कन्त्रोभर्सी,* पृ. २०९मा उद्धृत।

विश्वासद्वारा निर्दोष ठहरिनु, महान् सत्य जुन लुथरले पत्ता लगाएका थिए त्यो नै सुसमाचारको आधारशीला हो। हाम्रो मुक्तिको आशा त्यही सत्यमा आधारित छ। लुथरको भजन "ए माइटी फोर्ट्रेस इज आवर गड"मा सुसमाचारको सन्देशको बललाई यसरी सारगर्भित शब्दहरू कोरिएका छनः "यदि हाम्रै बलमा भर पऱ्यौं भने हाम्रो सङ्घर्ष बेकार हुनेछ। के हाम्रो पक्षमा ठिक मानिस उभिएका थिएनन् भने हामी हारीरहनेछौं। परमेश्वरले कै मानिस हामीसँग हुनुहुन्छ। त्यो मानिस को हो त? उहाँ हुनुहुन्छ, येशू ख्रीष्ट, ऊ उहाँ नै हुनुहुन्छ। उहाँको नाउँ साबथका प्रभु। युगौं युगसम्म उहाँ त्यही हुनुहुन्छ। उहाँले युद्धलाई जित्नै पर्दछ।"-सेभेन्थ-ड एडभेन्टिस्ट हिमनल (हागरटाउन, मेरील्याण्डः रिभ्यू, १९५६), नम्बर ५०६।

**चिन्तनमननः**

अ. अनुग्रह र व्यवस्था वा दश आज्ञा, विश्वास र असल कामहरूको बिचमा राख्नुपर्ने संतुलनलाई कसरी व्याख्या गर्ने?

आ. धार्मिक कार्यक्रमा औपचारिक रूपमा लाग्न वा विधिवादमा हाम्रो दिमाग पस्निन किन सजिलो छ? विधिवाद वा नीतिनियम पालन गरेर धर्मी हुन्छ भन्ने धारणालाई कसरी व्याख्या गर्ने? येशूप्रतिको आस्थामा यसबारे ज्ञान हुनु किन जरुरी छ?

इ. यदि अनुग्रहद्वारा मुक्ति पाइन्छ भन्ने धारणालाई उचित तवरले बुझ्न सकेन भने के खतराहरू उब्जिन सक्छ? यसले गर्दा मुक्तिको बारेमा के गलत धारणातिर अग्रसर गराउन सक्छ?

ई. कतिले अनुग्रह त सस्तो छ भनेर बताउँछन्। के अनुग्रह साँच्चिक्कै सस्तो छ त?

## कथा ७

## धनी र प्रख्यात व्यक्तिलाई पत्रहरू

### रेबेका रुइज लागार्डिया

युरोप स्पेन देशी गृहणीले एक दिन चकित पार्ने लेख पढेकी थिइन्। त्यो पत्र पढेर येशूको आगमनको बारेमा सुनाउँदै पत्र लेख्ने अभियान थालिन्। उनले स्पेनका शाही खान्दान, सङ्गीतकार, रङ्गकर्मीहरूलाई पत्र लेखिन्। उनले अहिले देहावसान भएका क्युबाको राष्ट्रपति फिडेल कास्त्रोलाई पनि पत्र लेखेकी थिइन्।

यो सुसमाचार सुनाउने क्रियाकलाप गृहणीका दिमागमा चढेको थियो। उनी मेरी आमा पिलर लाग्विर्डिया हुन्। उनले एलेन जी. ह्वाइटद्वारा लिखित *क्राइष्ट अबजेक्ट लेशनस* पुस्तकको पृ. २३०मा यो पढेकी थिइन्,"कतिपय मानिसहरू ब्यापारमा सम्पन्न छन्, उच्च ओहोदामा जिम्मेवार बोकेर बसेका छन्, कतिपय मानिसहरू सृजनशील र वैज्ञानिक प्रतिभाले सजिएका छन्, कतिपय मानिसहरूमा वौद्धिक प्रतिभा छन्, तिनीहरूलाई सुसमाचारका कार्यकर्ताहरूले यस समयका विशेष सत्यहरू सुनाउने जिम्मेवार भएको ठान्नुपर्छ। ती प्रतिष्ठित मानिसहरूको  दिमागमा येशू प्रतिको विश्वास नजागेको हुनुपर्छ। तर तिनीहरूले सुसमाचार पहिला सुन्नै पर्छ। तिनीहरूलाई सुसमाचार सुन्न आह्वान गर्नै पर्छ।"

यो भनाइ पढेर मेरी आमा अचम्भित हुँदै भनिन्, "म केवल साधारण गृहणी मात्र हुँ। ती मानिसहरूकहाँ म कसरी पुग्ने?" केही क्षण पछि उनको दिमागमा एउटा उपाय रोपियो। उनले प्रख्यात र लोकप्रिय मानिसहरूका अन्तर्वार्ताहरू रेडियो र टेलिभिजनमा सुन्न सक्छिन्। तिनीहरूको बारेमा पत्रपत्रिकामा पढ्न सक्छिन्। तिनीहरूमा आत्मिक कुरामा चासो देखाएको छ कि भन्ने आभास पायो भने तिनीहरूलाई परमेश्वरको बारेमा चिनाउन उनले सक्नेछिन्। मेरी आमाले ती धेरै मौकाहरू पाइन्। कसैले "मसँग विश्वास भएको भए" वा "म धर्मका विश्वास गर्दिन" वा "म भित्र खालि भएको वा मेरो जीवन रिक्त भएको मैले अनुभव गरेको छु" भनेर कसैले बतायो भने मेरी आमाले उनलाई पत्र लेखिन्।

स्पेनका राष्ट्रपति, देशका मन्त्रीहरू, चर्चका अगुवा वा बिशपहरू, रोमन क्याथोलिक चर्चका फादरहरू, रङ्ग कर्मी वा अभिनेत्रहरू, सङ्गीतकारहरू, पत्रकारहरू र झ्यालखानमा परेका कैदीहरूलाई उनले पत्र लेख्न थालिन्।

कति जनालाई पत्र लेखिन् त्यसको हिसाब उनले राख्नै सकेको छैन। उनको पत्र पाउनेमा फिडेल कास्ट्रो, स्पेनका राजा फिलिप छैठौं र महारानी लेटि्जया, इटालीका गीतकार आल बानो क्यारिसी, लेखक पावलो कोहेलो र होसे सारामागो थिए। तिनीहरूको ठेगाना पाउन उनलाई कहिल्यै पनि समस्या भएन। कहिलेकाहीं पत्र पत्रिकाका लेखहरूमा तिनीहरूको ठेगानको सुराक उनले पाउँथिन् भने अरू समयमा टेलिभिजन स्टेशन र कैद खानाबाट ठेगाना पाउँथिन्।

उनको पत्रको जवाफ धेरैले दिएका थिए। स्पेको राजधानी मेड्रिडको प्रमूखले लेखे, "मैले एलेन जी. ह्वाइटको पाँचैवटा विशेष श्रृङ्खला पढैछु। अहिले मैले *ग्रेट कन्त्रोभर्सीको* "वेकनिङ्ग इन स्पेन" पढ्दै छु। यो धेरै रोचक छ र म निरन्तर रूपमा पढिनै रहनेछु।"

एक जना धर्मगुरु बिशपले *स्टेप्स टु क्राइस्ट* र *कन्फलिक्ट अभ एजेज* पाएकोमा आभार व्यक्त गर्दै लेखे, "हामीमा परमेश्वरको सत्य ज्योति चम्काउन परमेश्वरको दया होस्।"

अर्को बिशप वा इसाई धर्मगुरुले लेखे,"म बाइबल अध्ययन गर्न चाहन्छु र परमेश्वरलाई अझ उत्तम तरिकाले सेवा गर्न चाहन्छु। शायद मलाई बाइबलको बारेमा मैले गरेको व्याख्यामा केही सुधार हुनुपर्छ होला।"

इसाबेल डाक्टर थिइन् तर उनी इसाई भिक्षुणी हुन आफ्नो पेशा छोडेकी थिइन्। उनले मेरी आमासँग फोनबाट र पत्रबाट महिनौंसम्म सम्पर्कमा रहिन्। उनको पहिलो पत्रमा लेखेकी थिइन्, "तपाईंसँग भएको बाइबलका सबै सामग्रीहरू पठाउनुहोस्।" मेरो आमाले पठाइन्। उनले बिउ रोपिन्। त्यसको नतिजा परमेश्वरको हातमा छ।

"सबैभन्दा महत्त्वपूर्ण कुरो त हामीले बिउ रोप्नुपर्दछ। प्रभुको वचनमा लेखिएको छ, ' आफ्नो अन्न पानीमा फालिदेऊ, र धेरै दिनपछि तिमीले त्यो फेरि पाउनेछौ।'" उपदेशक ११:१।